गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ५७ शनिबार ०५ फागुन, २०८० 17 (Saturday) February 2024 पृष्ठ ४, मूल्य रु : ५।-

अदानचुली गाउँपालिकाको हिउँदे गाउँसभा

## १८ वटा ऐन र २३ वटा कार्यविधि पारित

• नमस्ते समचारदाता

हुम्ला, फागुन/०५

हुम्ला जिल्लाको अदानचुली गाउँपालिकाको १४औं गाउँ सभा सम्पन्न भएको छ । शुक्रबार विभिन्न ऐन, कार्यविधि, नियमावली पारित गर्दै हिउँदे गाउँ सभा सम्पन्न भएको हो । कुल ४४ वटा ऐन,कार्यविधि, नियमावली र आचारसंहिता पारित गरेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हंस महताराका अनुसार गाउँ सभामा कुल २३ वटा कार्यविधि पारित गरेको छ । ती मध्ये एउटा कार्यविधि संशोधन भएको र बाँकी २२ वटा नयाँ कार्यविधि पारित गरिएको हो । यस्तै कूल १८ वटा ऐन पारित गरिएको छ । कुल १८ ऐन मध्ये सात वटा संशोधनसहित बाँकी नयाँ ऐन पारित गरिएको प्रमुख प्रशासकीय अधिकृत महाताराको भनाइ छ । यसैगरी गाउँ सभाले दुई वटा नियामावलीसमेत पारित गरेको छ । हिउँदे सभामार्फत अदानचुली गाउँपालिकाको शिक्षा नियामावली, सार्वजनिक खरिद् नियामावली पारित गरिएको हो । गाउँसभामार्फत एउटा आचारसंहितासमेत पारितत गरिएको छ । '१४औं गाउँ सभा सम्पन्न भएको छ । हामीले आउँदो आर्थिक वर्षको बजेट निर्माणका लागि आवश्यक कानून पारित गरेका छौं । बजेटलाई आवश्यकता र समावेशी बनाउन आवश्यक कानूनी प्रक्रिया पुरा भएको छ,' प्रमुख प्रशासकीय अधिकृत महताराले भने । गाउँपालिकाका अध्यक्ष मोहन बिक्रम सिंहले हिउँदे सभा महत्वपूर्ण निर्णयसहित सम्पन्न भएको बताए । उनका अनुसार अहिलेसम्म कै सबैभन्दा नीति तथा कानूनहरु पारित गरिएको हो । अध्यक्ष सिंहको अध्यक्षतामा तथा सम्पुर्ण गाउँसभाका सदस्यहरु उपस्थितीमा सम्पन्न भएको सदस्य सचिब समेत रहेका प्रमुख प्रशासकीय अधिकृत हंस महताराले बताएका छन् ।



### स्वामीकार्तिक खापरको १३औं गाउँ सभा सकियो

बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिकाको १३औं गाउँ सभा सम्पन्न भएको छ । गाउँपालिकाको चालु आर्थिक वर्षको खर्च विवरण र आम्दानीसहितको प्रतिवेदनसहित विभिन्न निर्णय गर्दै गाउँ सभा सकिएको हो । गाउँपालिकाका अध्यक्ष भरत बहादुर रोकायाका अनुसार गाउँ सभाले विभिन्न पाँच वटा निर्णय गरेको छ । उनले गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न पाँच वटा महत्वपूर्ण निर्णयसहित गाउँ सभा सम्पन्न भएको बताए । अध्यक्ष रोकायले गाउँ सभाले स्वामीकार्तिक खापरमा जग्गा प्राप्ति सम्बन्धि विधयेक पारित गरेको जानकारी दिए । यस्तै गाउँ सभाले मदिरा प्रतिबन्ध फुकुवा गर्ने सम्बन्धि कार्यविधि पास गरेको छ । यो सँगै अब स्वामीकार्तिक खापरमा मदिरा प्रतिबन्ध खुल्ला गरिएको छ । यसअघि गाउँपालिकामा मदिरा प्रतिबन्ध गरिएको थियो । यसैगरी गाउँपालिकामा रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगारी कार्यक्रम सम्बन्धि पाँच वर्षीय रणनीति पास गरेको छ । नमस्ते कर्णालीसँग कुराकानी गर्दै अध्यक्ष रोकायाले १३औं गाउँ सभाले उर्जा सम्बन्धि पाँच वर्षीय योजना सम्बन्धि विधेयक पारित गरेको छ। यस्तै केही पुराना कानुन संशोधन र योजनासमेत संशोधन गरिएको छ।

## थपियो कोहलपुर महोत्सव

• नमस्ते समचारदाता

कोहलपुर, फागुन/०५

बाँकेको कोहलपुरमा जारी पाँचौ कोहलपुर महोत्सव थप भएको छ। माघ २५ गतेदेखि सञ्चालित महोत्सव दुई दिन थप भएको हो। नेपाल घरेलु तथा साना उद्योग महासंघ तथा महिला उद्यमी समितिको आयोजनामा माघ २५ गतेदेखि फाल्गुण ४ गतेसम्म महोत्सव सञ्चालन हुने बताइएको थियो । दर्शकको चाप र व्यवसायहरुको माग अनुसार महोत्सवलाई थप दुई दिन थप गरिएको आयोजकले जनाएको छ । प्रचार प्रसार समितिका संयोजक इश्वर शर्माका अनुसार महोत्सव थप दुई दिन थप गर्ने निर्णय भएको छ । अब महोत्सव आगामी फागुन ६ गते आइतबार समापन हुने उनको भनाई छ । कोहलपुर महोत्सवलाई दर्शकहरुले निकै रुचाएका छन् । स्टलहरुमा समेत राम्रो प्रभाव रहेको छ । कोहलपुरमा घरेलु तथा औद्योगिक संग्राहलय र अनुसन्धान केन्द्र निर्माणका लागि महोत्सव सञ्चालन गरिएको छ। जिल्लाको बिकासउन्मुख सहरको रुपमा रहेको कोहलपुरमा घरेलु तथा औद्योगिक संग्राहलय र अनुसन्धान केन्द्र निर्माण गर्ने उद्देश्यले महोत्सव सञ्चालन गरिएको मूल आयोजक समितिका संयोजक मेहविक्रम जिसीले बताएका छन् । उनका अनुसार यसपटकको महोत्सव विगतका महोत्सवहरु भन्दा भिन्न रहेको छ। मेहनत सृजना उत्पादन र वस्तु मेरै नेपालको भन्ने मूल नाराका साथ कोहलपुर ११ स्थित न्यूरोड खुल्ला मैदानमा 'पाँचौ प्रादेशिक औद्योगिक, लघु, घरेलु तथा कृषि, प्रविधि, व्यापार एंव पर्यटन महोत्सव-२०८०' भव्य रुपमा सञ्चालन भइरहेको छ । जिसीले स्थानीय स्रोत साधनको सदुपयोग गरी उत्पादन गरिएका लघु घरेलु तथा साना उद्योगहरुको उत्पादित वस्तुहरुको दिगो बजार पहुँच स्थापीत गर्ने महोत्वसको उद्देश्य रहेको बताए । यस्तै देशभित्रका सबै प्रकारका उत्पादन मुलक उद्योगका अलवा कृषि, बनपैदावार, हस्तकला, उर्जा बायोग्यास लगायत पर्यटन, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान क्षेत्रका स्टलहरु रहने उनले बताए ।

## ताँजाकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चाखुरे, हुम्ला
*कर्णाली प्रदेश, नेपाल*

मिति : २०८०/११/०३

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना ।

प्रस्तुत विषयमा यस ताँजाकोट गाउँपालिकाको कार्यालयद्धारा मिति २०८०/१०/०९ गतेका दिन विधुतिय खरिद प्रणालीमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम यस कार्यालयमा (E-BIDDING SUBMISSION) मार्फत तोकिएको म्याद भित्र रितपूर्वक पेश हुन आएका सबै शिलवन्दी दरभाउ पत्र मुल्याङ्कन गर्दा रित पूर्वक देखिएका तपशिल बमोजिमका दरभाउ दाताहरुको प्रारम्भिक आर्थिक परिक्षण र पूर्णताको परिक्षण समेतका आधारमा सारभुतरुपमा प्रभावग्राही देखिएकाले यो सुचना प्रकाशित भएको मितिले ७ सात दिन भित्र वोलपत्रदाता स्वयम वा आफ्नो प्रतिनिधि मार्फत कार्यालय समयमा सम्पर्क गर्न हुन सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का सुचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कावोल गरेको अंक भ्याट बाहेक सहित |
|---|---|---|---|---|
| १ | 05/TRMUN /2080/81 | ताँजाकोट गाउँपालिका वडा नं. १ खानेपानी योजनाको सामाग्रि खरिद तथा ढुवानी | पार्वती किराना सप्लायर्स सिमकोट-०८, हुम्ला | ३३,१५,६४० |

नि.प्रमुख प्रशासकिय अधिकृत

## सुर्खेतमा आजदेखि 'कर्णाली उत्सव'

• नमस्ते समचारदाता

सुर्खेत, फागुन/०५

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आजदेखि कर्णाली उत्सव, कुडा कर्णालीका सुरू हुँदैछ । उत्सव तीन दिनसम्म सञ्चालन हुनेछ । विचारको कुम्भ मेलाको रूपमा रहेको उत्सवको पाँचौ संस्करण सुरू भएको हो । कर्णालीलाई चिन्ने र चिनाउने बहस र विमर्शको उत्सव भनिएको उत्सव शनिबारदेखि सुरु हुने आयोजक संस्था ऋति फाउन्डेसनका अध्यक्ष कमल लम्सालले बताए । 'कुराकानीकै माध्यमबाट कर्णालीको पहिचान र सम्भावना केलाउन यस्तो प्रयास थालिएको हो,' उनले भने, 'परम्परागत रुपमा हुने कचहरी वा बैठककै आधुनिक रुप हो कर्णाली उत्सव । कर्णाली उत्सवको माध्यमबाट हामी कर्णालीमा सार्वजनिक बहसको श्रृंखला थालनी गरेका हौं ।' उनका अनुसार यसले मूलतः कर्णालीलाई केलाउँछ । समृद्ध



कर्णाली निर्माणका लागि नीति निर्मातालाई सुझाव दिन्छ र सार्वजनिक पदाधिकारीलाई उत्तरदायी बनाउन प्रयास गर्छ । ऋति फाउण्डेसनले थालेको यो सामाजिक अभियानमा विभिन्न तहका सरकार, गैरसरकारी संघ संस्था, व्यावसायिक प्रतिष्ठान, प्रबुद्ध व्यक्तिहरु तथा नागरिक समाजको ठूलो सहयोग र हिआएको सुर्खेतमा आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको छ । कर्णालीलाई चिन्ने र चिनाउने प्रयास कर्णाली उत्सवको मुख्य उपलब्धि भएको लम्सालले बताए ।' यसले हाम्रो समाजमा खुला र लोकतान्त्रिक बहसलाई संस्कारको रुपमा विकास गर्न सघाउँछ,' उनले भने, 'सबैलाई थाहा भएकै कुरा हो । कुनै पनि कामको सुरुवात विचारबाटै हुन्छ ।' उत्सवको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उठेका कुराकानीहरुले समृद्ध कर्णालीको सपना साकार पार्नेतर्फ सरकारलाई सहयोग एवं निर्देशित गर्ने लक्ष्य रहेको उनको भनाई छ । त्यस्तै हरेक साँझ साँगितिक प्रस्तुति रहने पत्रका सम्मेलनमार्फत जानकारी दिइएको छ ।